# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३९) काठमाडौं, असोज १६ गते २०४६ साल (संख्या २५


## भाग ३

### श्री ५ को सरकार
### वाणिज्य मन्त्रालयको

### सूचना १

श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी निकासीमा प्रतिबन्ध लगाएका सामानहरू बाहेक अन्य सबै सामानहरू चीनको स्वशासित क्षेत्र तिब्बतमा निकासी गर्न कुनै रोक नलगाउने निर्णय गरेकोले सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

### सूचना २

परिवर्त्य विदेशी मुद्रामा भुक्तानी प्राप्त हुने गरी चीनको स्वशासित क्षेत्र तिब्बतमा मालवस्तु निकासी गरी परिवर्त्य विदेशी मुद्रा बैंकमा जम्मा गर्ने निकासी-कर्ताहरूलाई अन्य देशहरूमा निकासी गर्दा पाए सरहको नगद अनुदान लगायतका सबै सुविधाहरू दिने श्री ५ को सरकारले निर्णय गरेकोले सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

आज्ञाले,
दामोदरप्रसाद गौतम
श्री ५ को सरकारको सचिव


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## स्वास्थ्य मन्त्रालयको सूचना

श्री ५ को सरकारले नेपाल स्वास्थ्य सेवा (समूह तथा श्रेणी विभाजन, नियुक्ति र बढुवा) नियमहरू, २०३३ को नियम ५ को उपनियम (६) ले दिएको अधिकार प्रयोग गरी खण्ड २९ मिति २०३६।६।१ संख्या २२ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचनाबमोजिम उक्त नियमहरूको अनुसूची २ मा थप भएको क्रमसंख्या २४ मा उल्लेखित हेल्थ इन्स्पेक्शन समूहको लागि निर्धारित आवश्यक न्यूनतम शैक्षिक योग्यताको सट्टा देहायबमोजिमको न्यूनतम शैक्षिक योग्यता कायम गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

" (१) जनस्वास्थ्यमा स्नातक वा सो सरह

वा

(२) स्वास्थ्य शिक्षामा स्नातक वा सो सरह

वा

(३) स्यानिटेशनमा स्नातक वा सो सरह

वा

(४) स्वास्थ्य प्रशासनमा स्नातक वा सो सरह

वा

(५) पोषण अधिकृत, औलो अधिकृत, परिवार नियोजन अधिकृत, कुष्ठ अधिकृत, क्षय अधिकृत वा खोपसम्बन्धी अधिकृत स्तरको सुपरभाइजर पदमा अटुट रूपले दश वर्ष सेवा गरी कम्तीमा पाँच महीनाको जनस्वास्थ्यसम्बन्धी तालीम "

द्रष्टव्य:– उपरोक्त नं. (५) को योग्यता आजको मितिले पाँच वर्षसम्मको लागि मात्र कायम हुनेछ ।

आज्ञाले,
वासुदेव प्रधान
श्री ५ को सरकारको का.मु. सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२०६०